नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

## कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा

## राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारका लागि निवेदन पेश गर्ने बारेको सूचना

सूचना प्रकाशन मिति: २०७५।०७।२६

कृषि पेशालाई व्यवसायिक, प्रतिस्पर्धी र मर्यादित पेशाका रुपमा विकास गर्न र यसमा संलग्न उत्कृष्ट कृषकहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले विगतमा जस्तै आगामी आ.व. २०७५।७६ मा पनि जिल्लास्तर, प्रदेशस्तर र केन्द्रियस्तरमा राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी भई प्रतिस्पर्धा गर्न ईच्छुक सम्पूर्ण कृषक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले २५ (पच्चीस) औं दिन सम्म सम्बन्धित कृषि ज्ञान केन्द्र, भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र नगरपालिका/ गाउँपालिकाको कार्यालयहरुमा तथा ३० (तीस) औं दिन भित्र सम्बन्धित कृषि ज्ञान केन्द्र (सचिवालय) मा नियमानुसार दरखास्त पेश गर्न हुन सूचित गरिन्छ । विस्तृत जानकारीका लागि नजिकको कृषि ज्ञान केन्द्र, भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र नगरपालिका/गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ । यस सम्बन्धी सूचना स्थानिय पत्रपत्रिका रेडियो र अन्य संचारका माध्यमहरुबाट प्रकाशन र प्रचार प्रसार गर्ने गराउने व्यवस्था हुन प्रादेशिक भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि ज्ञान केन्द्र, भेटेनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र नगरपालिका/गाउँपालिकाको कार्यालयहरुलाई समेत अनुरोध गरिन्छ ।

पुनश्च: राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारको हाम्रो कार्यक्रममा सहभागी हुन मन्त्रालयको website को Legal text मा राखिएको सो पुरस्कार सम्बन्धि कार्यविधिको पेज नं. ११, अनुसूची-२ मा रहेको कृषकले पेश गर्ने ढाँचामा निवेदन दिनु पर्ने छ।

डा. गोविन्द प्रसाद शर्मा
सह-सचिव